# पुनः प्रयोगमा आउने फोहर र अन्य फोहर कसरी छुट्याउने र फ्याँक्ने

## १) फोहर उठाउने दिनको विहान ८ बजेसम्म फोहर फाल्नेस्थानमा लगेर राख्नुहोला ।


तपाइँको व्यवसायिक समयलाई मध्यनजर गरेर फोहर उठाउने कार्य गरिएको हुँदैन ।
सिन्ज्युकु सिटीभित्रै फोहर व्यवस्थापन गर्ने स्थान नभएको र ट्राफिक व्यस्ततालाई मध्यनजर गर्नुपर्ने भएकोले निर्धारित समयमा फोहर उठाउन नसकिने अवस्था पनि रहन्छ । समस्त सिन्ज्युकुबासी जनसमुदाय तथा व्यवसायीहरुमा फोहर उठाउने दिनको※विहान ८ बजेभित्र फोहर निश्चित ठाउँमा लगेर राख्न अनुरोध गरिन्छ ।

※आ-आफ्नो क्षेत्रको फोहर उठाउने दिन (बार) बारे जानकारीका लागि पुनः प्रयोगमा आउने र फोहर अन्य फोहर व्यवस्थापन गर्ने सही तरिकाको बारेमा सिटी अफिसको होमपेजमा हेर्नुहोला ।

## २) फोहरमा पानीको मात्रा, तेलको मात्रा राम्रोसँग निथोरेर मात्र फाल्नुहोस् ।

**पानीको मात्रा, तेलको मात्रा राम्रोसँग ननिथोरिकन फालिएको फोहर संकलन गर्न सकिदैन ।**

फोहर फाल्ने गाडीले लिक्यूइड तथा तेलजन्य फोहर उठाउँदैनन् । यस्ता फोहरका कारण गाडी बिग्रन सक्ने र दुर्घटना हुने खतरा हुने भएकोले अन्य यात्रुका लागि पनि असर पर्न सक्छ । त्यसप्रकारका फोहर फाल्नु अगाडि फोहरमैलालाई कागज तथा कपडा प्रयोग गरी सुख्खा बनाउनुहोस् ।



## ३) व्यवसायिक प्रयोजनबाट निस्कने फोहर तथा घरायसी प्रयोजनबाट निस्कने फोहर छुट्याउनुहोस् ।

घरायसी प्रयोजनबाट निस्कने फोहर व्यवसायिक प्रयोजनबाट निस्कने फोहरसँग मिसाए पनि फोहर उठाएबापत लाग्ने महशुल निःशुल्क हुनेछैन । तसर्थ भ्रम नहुने गरी ठीक ढंगले फोहर छुट्याउनुहोला । यो हेक्का राख्नुहोस् कि, स्टिकर नटाँसिएको वा ठीक ढंगले छुट्याएर नराखिएको फोहर उठाउन नसकिने भएकोले सावधान रहनुहोस् ।




## ४) व्यवसायिक प्रयोजनबाट निस्केका ठूला साइजका फोहरमैलाको व्यवस्थापनको जिम्मा आफैले लिनुपर्दछ ।

व्यवसायिक प्रयोजनबाट निस्केका ठूला साइजका फोहर फ्याँक्नको लागि फोहर संकलन केन्द्रमा नभएर ठूला साइजका फोहरमैला व्यवस्थापन अनुमति प्राप्त सेवा केन्द्रमा सम्पर्क गर्नुहोस् ।

**सोधपुछः**

| | | |
|---|---|---|
| सिन्ज्युकु फोहरमैला संकलन कार्यालय | सिमोओचिआई २-१-१ | ☎०३-३९५०-२९२३ |
| सिन्ज्युकु हिगासी फोहरमैला संकलन केन्द्र | योचुया सानेइच्यो १०-१६ | ☎०३-३३५३-९४७१ |
| खाबुकिच्यो फोहरमैला संकलन केन्द्र | खाबुकिच्यो २-४२-७ | ☎०३-३२००-५३३५ |


२०२३ साल अक्टोवर महिनामा प्रकाशित

VEGETABLE OIL INK

ネパール語版

# व्यवसायिक स्रोतबाट निस्कने फोहरमैला व्यवस्थापन गर्ने तरिका

**सिन्ज्युकु सिटीमा व्यवसायिक स्थानबाट निस्कने सबै प्रकारको फोहर मैला फाल्दा शुल्क लाग्दछ ।**

**सिन्ज्युकु सिटीको स:शुल्क स्टिकर टाँसेर फाल्नुहोस् ।**




## व्यवसायिक तथा घरायसी प्रयोजनबाट निस्कने फोहर छुट्याउने आधारभूत जानकारी

## १) व्यवसायिक स्थानबाट निस्कने फोहरमैलाहरु अनिवार्यरुपमा व्यवसायी आफैले व्यवस्थापन गर्नुपर्दछ ।

व्यवसायिक क्रियाकलापबाट निस्कने फोहर तथा पुन:प्रयोगजन्य फोहर स्वयम व्यवसायीले नै व्यवस्थापन गर्नुपर्ने नियम भएकोले फोहरमैलासंग सम्बन्धित कारणले आउन सक्ने अन्य नतिजाको जबाफदेही पनि स्वयम व्यवसाय संचालक हुनुपर्नेछ ।
फोहरमैला व्यवस्थापन तथा सार्वजनिक सरसफाई नियमको अनुसूची ३ को दफा १ अनुसार व्यवसायिक क्रियाकलापबाट निस्कने फोहर तथा पुन:प्रयोगजन्य फोहर स्वयम व्यवसायीले नै व्यवस्थापन गर्नुपर्नेछ, यदि त्यसो नगरेमा त्यसबाट उत्पन्न हुने कुनै पनि समस्याका लागि त्यस्ता कम्पनी, पसल, अफिस वा त्यस्ता व्यवसायका संचालक स्वयम जबाफदेही हुनुपर्नेछ । यदि व्यवसायीहरु आफ्ना व्यवसायिक क्रियाकलापबाट निस्कने फोहर नियमअनुसार आफै व्यवस्थापन गर्न नसकेको अवस्थामा अनुमति प्राप्त※फोहरमैला संकलन सेवा प्रदायक आधिकारिक एजेण्ट वा कम्पनीको सहयोग लिनुपर्नेछ ।

☆व्यवसायसंग सम्बन्धित फोहर तथा पुन:प्रयोगजन्य फोहर भन्नाले व्यापारिक पसल, कम्पनी सञ्चालनका क्रममा निस्कने फोहर मात्र नभएर मुनाफारहित गतिविधि हुने शैक्षिक तथा परोपकारी सेवाका क्षेत्रमा कार्यरत कर्मचारीहरुले बाहिरबाट किनेर ल्याई प्रयोग गर्ने लञ्च बक्सको प्याकेट, बोतल, क्यान, पेयपदार्थका बोतलहरु पनि पर्दछन् ।

## २) सिन्ज्युकु सिटीद्वारा संकलन गरिने व्यवसायिक फोहरमैला भन्नाले ?

साना खालका उद्यमी तथा व्यवसायीहरुले आफ्ना फोहरमैला आफै नष्ट गर्न नसक्ने र अनुमति प्राप्त आधिकारिक फोहरमैला संकलक कम्पनीहरुको सहजै सहयोग लिन पनि नसक्ने भएकोले त्यस्ता व्यवसायिक फोहरमैला उठाउन सिन्ज्युकु सिटीले स:शुल्क सेवा उपलब्ध गराउँदै आएको छ । **सिन्ज्युकु सिटीले त्यस्ता व्यवसायिक क्षेत्रका फोहरमैला संलकन गर्ने भए पनि सर्वसाधारण स्थानीयबासीको फोहरमैला संकलन सेवामा हस्तक्षेप गर्ने छैन ।** व्यवसायीले आफ्ना फोहरमैला आफै छुट्याउन र मिलाएर निकाल्न नसक्ने भएमा अनुमति प्राप्त फोहरमैला संकलन सेवा प्रदायक आधिकारिक एजेण्ट वा कम्पनीको※सहयोग लिन सक्नेछन् ।

※अनुमति प्राप्त आधिकारिक फोहरमैला संकलक कम्पनीहरुको बारेमा सिटी कार्यालयको होम पेजबाट「事業系のごみ」राखेर खोज्नुहोस् ।

सिन्ज्युकु

**फोहर तथा पुन:प्रयोगजन्य फोहर बाहिर निकाल्दा सिन्ज्युकु सिटीले जारी गरेको देहायअनुसारको नियम अनिवार्य पालना गर्नुहोला । फोहर निकाल्दा सिन्ज्युक सिटीले व्यवस्था गरेको स्टिकर टाँस्नुभएको छैन वा फोहरमैला राम्रोसंग छुट्याउनुभएको छैन भने त्यस्ता फोहरमैला उठाईने छैन, कृपया याद राख्नुहोला ।**

# व्यवसायसंग सम्बन्धित फोहरमैला स:शुल्क नष्ट गर्ने स्टिकर

## १) व्यवसायिक स्रोतका फोहरहरु (पुरानो कागज, प्लाष्टिकका कन्टेनर, बोतल, क्यान, प्लाष्टिकका बोतल स्प्रेका क्यान, खाली ग्याँसका क्यान, ब्याट्री) सबै शुल्क लाग्ने फोहरमैलाहरु हुन् ।

माथि उल्लिखित फोहरमैला निष्काशन गर्दा सिन्ज्युकु सिटीले व्यवस्था गरेको स्टिकर टाँस्नुहोला । स्टिकर सिन्ज्युकु सिटी भित्रका कन्भिनियन्स स्टोर (सामुदायिक पसल) तथा अन्य पसलहरुमा किन्न पाइन्छ । चित्रको दायाँ पट्टी स्टिकरको नमूना देखाईएको छ, जसमा सिन्ज्युकु सिटी कार्यालय (मुख्य भवनको सातौं तला), फोहर संकलन कार्यालय, फोहर संकलन केन्द्र र शाखा कार्यालयहरु देखाईएको छ । स्टिकरको मूल्य देहाय अनुसारको रहेको छ ।

**व्यवसायिक फोहरमैला नष्ट गर्ने स:शुल्क स्टिकर** (संसोधन: १ अक्टुवर २०२३)

| | |
|---|---|
| सबभन्दा ठूलो/७० लिटर बराबर (चिन्ह भएको) | १ सेटमा ५ प्रति (१ प्रतिको ६०९ येन) ३,०४५ येन |
| ठूलो/४५ लिटर बराबर | १ सेटमा १० प्रति (१ प्रतिको ३९१ येन) ३,९१० येन |
| मझौला/२० लिटर बराबर | १ सेटमा १० प्रति (१ प्रतिको १७४ येन) १,७४० येन |
| सानो/१० लिटर बराबर | १ सेटमा १० प्रति (१ प्रतिको ८७ येन) ८७० येन |




## २) स्टिकर टाँस्ने तरिका


**नाम लेख्ने तरिका**

स्टिकरमा पसल तथा कम्पनीको नाम, पसलको नम्बर आदि लेख्नुहोस् ।





**[नष्ट हुने फोहरमैला, फलाम, सेरामिक्स, ग्लास लगायतका फोहरहरु फाल्न पर्दा]**

**सीधै कन्टेनरमा टाँस्दा**




कन्टेनरभित्रको फोहरमाथि पत्रिका अथवा कागज राखेर त्यसमाथि स्टिकर टाँसेर फाल्नुहोस् ।

**झोलामा हालेर फाल्दा**




माथिल्लो भागको देखिने ठाउँमा टाँसेर फाल्नुहोस् ।

**[कन्टेनर अथवा प्लाष्टिकको बट्टा, बोतल, क्यान, प्लाष्टिकका बोतल, स्प्रेका क्यान, ग्याँसका क्यान, व्याट्री फाल्दा]**

**झोलामा हालेर फाल्नुहोस् ।**




प्लाष्टिकका बट्टा — बोतल — क्यान — प्लाष्टिकका बोतल — स्प्रेका क्यान, ग्याँसका क्यान, व्याट्री

कन्टेनर अथवा प्लाष्टिकको बट्टा, बोतल, क्यान, प्लाष्टिका बोतल, स्प्रेका क्यान, ग्याँसका क्यान, व्याट्री लगायत छुट्टाछुट्टै फरक फरक झोलामा साइज अनुसारको स्टिकर टाँसेर फाल्नुहोस् ।

## ३) स्टिकर छान्ने तरिका

**कन्टेनरमा राखेर फाल्दा**

कन्टेनरभित्रको फोहरको स्रोत, फोहरको परिमाण हेरेर स्टिकरको छनौट गर्नुहोस् । फोहरको परिमाण थाहा पाउन कन्टेनरभित्र चिन्ह लगाउनुहोला ।


**६० लिटरको कन्टेन्र**





**झोलामा राखेर फाल्दा**

फोहरको परिमाण नभएर झोलाको साईज अनुसारको स्टिकर छनौट गर्नुहोस् । झोलाको परिमाण झोला खरीद गर्ने समयमा झोलामा साईज लेखिएको हुन्छ । जल्ने फोहर ४५ लिटरसम्मको झोलामा फाल्नुहोस् । किनमेलमा प्रयोग भएका पारदर्शी थैली (पोलिथिन ब्याग) प्रयोग गरी फोहरमैला निकाल्दा भने देहायको तालिकामा उल्लेख भए अनुसारको स्टिकर छनौट गर्नुहोला ।

| झोलाको साईज (आधार×उचाई) | स्टिकरको प्रकार |
|---|---|
| ३५ सेन्टीमिटर × ४५ सेन्टीमिटर | २० लिटर |
| ३० सेन्टीमिटर × ३५ सेन्टीमिटर | १० लिटर |





(उदाहरण)




(झोलाको साइजअनुसारको स्टिकर उपलब्ध नभएमा दुई वा सो भन्दा बढी स्टिकर प्रयोग गर्न सक्नुहुनेछ)


**देहायका फोहर तथा पुन:प्रयोगजन्य फोहर फ्याँक्नुपरेमा प्रष्टसंग स्टिकर टाँस्न आदेश दिईन्छ ।**





① पत्रिका, म्यागजिन



② कार्डबोर्ड (दाम्बोल)




③ पोलिस्ट्रिन प्याक




④ एउटा टीनको क्यान

| सामान | यूनिट | १० लि. स्टिकर |
|---|---|---|
| ① पत्रिका, म्यागजिन | उचाई १० सेमी बराबर (पत्रिका चारभागमा फोल्ड गरेर A4 साईज बराबर) | १ प्रति |
| ② कार्डबोर्ड (दाम्बोल) | प्रत्येक दुई प्रति बराबर (अनुमानित: सुन्तलाको ठूलो एक बक्स बराबर) | १ प्रति |
| ③ पोलिस्ट्रिन प्याक | प्रत्येक एक बराबर (साईज: ३३ सेमी× ४८ सेमी× २५ सेमी) | १ प्रति |
| ④ टीनको क्यान (१८ लि.) | प्रत्येक एक बराबर | १ प्रति |

※ यूनिटको साईज औसत साईज हो ।